# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/०२/१२

चौथो अधिवेशन

(सातौ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको सातौ बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**द्यापद्यापेमा माननीय बल बहादुर सोडारी :-** माननीय सभामुख महोदय, मेरो निर्वाचन क्षेत्रको ढकारी गाउँपालिकाको वडा नं.४ मा गैरप्राकृतिक विपद्मा आगलागि भएर ७ वटा घर ध्वस्त भएका छन् । ती मध्ये जस्तै वडा अध्यक्ष भक्त बहादुर बुढा, भिम बहादुर बुढाका दुई घर, ईन्द्र बहादुर बुढा, मोति बुढा, शेर बहादुर बुढा लगायतका ७ जनाको घर ध्वस्त भएर पुलिस रिर्पोट अनुसार मुल्यांकन गर्दा ५५ वटा बाख्रा, २ वटा गोरु लगायत धनमाल, खाद्यान्न, लुगाफाटा लगायत १ करोड ७१ लाख ८० हजार ५ सय बराबरको क्षति भएको हुनाले प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विधेयक पनि पास भैसकेको हुनाले निज व्यक्तिहरुलाई यस विधेयक अर्न्तगत सहायताको लागि आग्रह गर्दछु धन्यवाद ।

माननीय अम्बी कुमारी थापा :- सभामुख महोदय, बल बहादुर सोडारी माननीयज्यूले भन्नु भएको ढकारी गाउँपालिका वडा नं.७ मा घर लगायत मानवीय क्षति नभएको हुनाले जनावर सब्बै जलेर नष्ट भएको, खाद्यान्न सहित लत्ताकपडाको क्षतिपूर्ति दिन प्रदेश सरकारलाई म अनुरोध गर्दै बल बहादुर सोडारी माननीयले भन्नु भएको कुरामा म समर्थन जनाउछु धन्यवाद ।

माननीय गेल्बु सिंह बोहरा :- माननीय सभामुख महोदय, मेरो निर्वाचन क्षेत्रका दार्चुला जिल्लाको महाकाली नगरपालिका वडा नं.३ मा हिजो राति १२ बजेको समयमा एउटा पसल जसमा ७५ बर्षिय विरमान बोहरा र ७० बर्षिय द्रोपति बोहरा माथि ...ले आक्रमण गरि निजहरुको मृत्यु भएकोले निजहरु प्रति समबेदना प्रकट गर्दछु । र त्यसै अवस्थामा राति .......... घाईते भएकोले निजलाई हाम्रो प्रदेश सरकारबाट यथासम्भव उपचारको लागि व्यवस्था गरियोस र मृतक परिवारहरुलाई उचित मोवाव्जा हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले प्रदान गरोस भन्न चाहान्छु र सो घटनामा सत्य तथ्य छानविन गरि दोषिरुमाथि यथाशिघ्र कारवाही गर्नको लागि माननीय सभामुख मार्फत हार्दिक अनुरोध गर्न चाहान्छु । धन्यवाद ।

२. **माननीय सदस्यहरू,**

आजको सभा बैठकमा आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले **"प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई टेबुल गर्नुहुने भनी निर्धारण गरीएको कार्यसूचीको विषयलाई आजको कार्यसूचीबाट हटाएको जानकारी गराउछु ।

***(जानकारी गराएपछि)***

३. **माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

४. **माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई अनुमति दिन्छु ।

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा :- माननीय सभामुख महोदय, यो प्रदेशको गरिबीलाई अन्त गर्दै स्वधिन प्रदेशको रुपमा रुपान्तरण गर्नको लागि स्वरोजगार विकास कोषको तर्जुमा प्रदेश सरकारले आर्थिक बर्ष ०७५।०७६ को बजेटमा व्यवस्था गरेको थियो । यस सम्बन्धी आर्थिक मामिला तथा योजना मन्त्रालयले विधेयक बनाई सम्मानीत सभा समक्ष प्रस्तुत भई र सभाबाट दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईएको र त्यहाबाट संशोधनको कुरा पनि सभामा प्रस्तुत भैसकेको व्यहोरा हामी सबैलाई अवगत छ । माननीय सभामुख महोदय अब म यो विधेयक छलफलको लागि गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु धन्यवाद ।

**(प्रस्ताव प्रस्तुत भएपछि)**

५. **माननीय सदस्यहरू,**

अब म, आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।
**("हुन्छ" भनेपछि)**
यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।
**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**("हुन्न" भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरूको संख्या भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरूको संख्या न्युन देखिएकोले **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव बहुमतले स्विकृत भएको घोषणा गर्दछु ।

**(घोषणा पछि)**

६. **माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ३ (तीन) मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम मा० लिलाधर भट्टलाई समय दिन्छु ।

माननीय लिलाधर भट्ट :- माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ आज धेरै दिनपछि यो सदनमा निर्णयको लागि प्रस्तुत हुदैछ । यसको लागि म सर्वप्रथम मन्त्रीज्यू र मन्त्रालयलाई धन्यवाद दिन चाहान्छु । सम्भवत यो प्रदेशकै सब भन्दा बढी चर्चामा आएको धेरै छलफल भएको र जनचासो रहेको विधेयकको रुपमा पनि यो हेरिएको छ र यो विधेयक साच्चिकै जनचासो हुनुको अर्थ पनि छ । हामीले यसलाई स्वरोजगार स्थापना गर्नको लागि आफ्नै देशमा, आफ्नै प्रदेशमा रोजगार सृजना गर्नको लागि राज्यले गर्न खोजेकोर सरकारको समाजवादी अर्थव्यवस्था सँग जोड्दै ल्याउन खोजेको हुनाले पनि यसमा धेरै छलफल भए यो छलफल गर्दा पक्ष र विपक्षमा छलफल हुदा केहि मन्त्रीज्यूहरुलाई सांसदहरु गलपासो पनि महशुस भएका रहेछन् । हामीले केहि मिडियामा पनि देख्न पायौ त्यसमा मेरो नाम पनि जोडिएको पाइयो । हामी नितान्त सरकारलाई सफल बनाउन चाहान्छौ । हामी व्यक्तिगत रुपमा कुनै पनि मन्त्री र सरकारका विपक्षमा छैनौ र हामी जिम्मेवार प्रतिनिधीका हैसियतले भन्न पनि चाहान्छौ समितिमा उठेका छलफलका विषयहरुलाई सरकारलाई कमजोर बनाउनका लागि माननीयहरु लागि परे भन्ने खालका गैरजिम्मेवार अभिव्यक्ति दिदा संसदिय अभ्यास र पार्टिको राजनैतिक सिष्टमलाई बुझेको छ कि छैन भन्ने कुरालाई पनि हामीले हेर्नुपर्ने हुन्छ । आज हामी देख्दै छौ समिति भित्र छलफल हुदा हामीले कलाई अध्यक्ष बनाउने कलाई अध्यक्ष नबनाउने भन्दा त्यसको कन्सेप्टमा नै छलफल गर्दा वृहत बनाउनु पर्छ भन्ने नै थियो न कि कुनै व्यक्ति विशेषलाई अध्यक्ष बनाउने र पदाधिकारी बन्ने थिएन । हामीले सरकारी बैंकमा यसको खाता खोलिनुपर्छ भन्दा नीजि क्षेत्रलाई हामीले निरुत्साहित गर्न कुनै पनि थिएन हामीले कुनै व्यक्ति विशेषलाई ऋण दिनुपर्छ भन्दा त्यो व्यक्ति विशेषलाई हैन एउटा सिष्टमबाट दिनुपर्छ भनेर कुरा उठाउदा त्यो कुनै व्यक्तिको विरोध गरिएको थिएन । र यसरी हामीले विधेयकका बुदाहरुमा छलफल जसरी यो गरिएको छ । र जुन धेरै छलफलका बावजुत यो विधेयक ल्याएको छ यसको लागि मैले समितिलाई विशेष रुपमा धन्यवाद दिन चाहान्छु । र यो विधेयकले जो समितिले छलफल गरेको छ यसले साच्चिकै कार्यकारी भूमिका हामीले तोकिए बमोजिमको ब्याजदर हुनुहुदैन त्यो संसदले तोक्नु पर्छ भन्ने कुरा सांसदहरुले उठाएका थियौ, छलफलमा उठाएका थियौ र कुनै पनि संघ, संस्थाहरुलाई बजारमुखि हैन ग्रामिणमुखि पनि बनाउनु पर्छ भन्ने जोड थियो र गरिबीमुखि पनि बनाउनु पर्छ जो सँग हुनेखानेले मात्रै होईन त्यो गर्नुपर्छ भन्ने प्रस्तावना राखिएको थियो यो भावनालाई पनि समितिले समेटेको छ यसको लागि समितिलाई पनि धन्यवाद दिन चाहान्छौ र आगामी दिनमा प्रदेश स्वरोजगार कोष हिजोका कोषहरु गरिबीनिवारण कोष लगायत देशभरि रहेका अन्य कोष जस्तै यसमा समस्या सृजना नहुन यसको कार्यकारी भुमिका देखि लिएर यसको बोर्ड गठन देखि लिएर यसलाई परिचालनका सम्बन्धमा पनि नियमावलीमा स्पष्ट व्यवस्था होस, निर्देशिकाहरुमा स्पष्ट व्यवस्था होस र यसले छिटो भन्दा छिटो आफ्नो साचा तयार गरिसकेपछि प्रदेशका युवाहरुले कुनै पनि ऋण निकाल्न बैंकहरुमा धाउनुपर्ने र बैंकहरुमा धितो राख्नुपर्ने र जो सँग धितो छैन, जो सँग लालपूर्जा छैन त्यसले ऋण निकाल्न नसक्ने र व्यवसाय गर्न नसक्ने जो अहिले सम्मको समस्या छ । यो समस्या समाधान गर्नको लागि यो विधेयक एकदमै ठुलो महत्वपूर्ण भुमिका निभाउनेछ र सुदूरपश्चिमका युवाहरुलाई स्वरोजगार निर्माण गर्नमा ठुलो भुमिका निभाउने छ भन्ने विश्वास व्यक्त गर्दै यो विधेयकलाई तत्काल रुपमा कार्यान्वयनको लागि पनि सरकार सँग आग्रह गर्दछु धन्यवाद ।

मा०श्यामलाल राना थारु :- माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष

सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सरकारको तर्फबाट माननीय अर्थमन्त्रीज्यूले जुन यो विधेयकको तर्जुमा गरेर सदन समक्ष पेश गर्नु भएको छ र विषयगत समितिमा पनि दफावार छलफल भएर आईसकेको छ । निश्चित रुपमा यो विधेयक, अत्यन्तै राम्रो छ र समयमा आएको छ र छिटो लागु होस भन्ने म शुभकामना व्यक्त गर्न चाहान्छु । यस विधेयकले निश्चित रुपमा यस प्रदेशका जो बेरोजगार युवाहरु छन् तिलाई स्वरोजगारको स्थितिमा सबल र सक्षम बनाउनको लागि महत्वपूर्ण भुमिका निर्वाह गर्ने छ र स्वरोजगारलाई व्यवस्थापन गरि महत्वपुर्ण भुमिका निर्वाह गर्दै यस क्षेत्रको यस प्रदेशमा जुन अम जनताहरुको जुन गरिबीको अवस्था छ यसलाई आर्थिक अवस्थाले चाहि सबल बनाउने छ र प्रतिव्यक्ति आयको दरमा पनि वृद्धि गर्ने छ भन्ने मैले आशा राखेको छु । विश्वाश गरेको छु र यो विधेयक बास्तवमै महत्वपूर्ण विधेयक हो भन्ने मलाई लाग्छ माननीय सभामुख महोदय, विषयगत समितिले यसको व्यापक रुपमा छलफल गरेर ल्याएको छर विधेयकले सबै कुराहरुलाई सम्बोधन गरेको छ । एकदम महत्वपूर्ण छ अलिकति मलाई यसमा सुझाव दिने मन लाग्यो यो हाम्रो दफा ५ को कोषको उद्देश्यमा व्यवसायिक खेति तथा पशुपंक्षि पालन, कृषि बनजन्य तथा खानिजन्य विषयमा तालिम प्रदान गर्ने गराउने र तालिम प्राप्त उद्यमीलाई ऋण उपलब्ध गराउने सवालमा मलाई के लाग्छ भने यसलाई अलि हर्बल प्रोडक्ट पनि यसमा मिसाउनु पथ्यो । हाम्रो आर्थिक स्रोतको मुख्य साधन भनेको हाम्रो प्रदेशको जडिबुटि हो जसलाई हामीले सदुपयोग गर्न सकेका छैनौ र जुन हामी सँग मौजुदा जुन हाम्रो प्रदेशमा यथावत जुन जडिबुटि छ त्यसलाई विदेशमा मात्रै संकलन गरेर पठाउने व्यवस्था गरिन्छ । त्यसलाई यसै प्रदेशमा हामीले उद्योग, धन्दाहरु संचालन गरेर यस सम्बन्धी पनि तालिम दिएर विज्ञहरु बनाएर दक्ष कामदारहरु बनाएर यो जडिबुटिलाई प्रशोधन कसरी गर्न सकिन्छ जो चाहि प्रत्येक औषधिहरुमा महत्वपूर्ण कम्पोनेन्टको रुपमा प्रयोग गरिन्छ र साथ साथै यो व्यवसायिक खेतिका सम्बन्धमा जस्तै यलोभेरा खेति, पिपरमेन्ट भयो, कुरिलो खेति यिनिहरु विगतमा पनि हामीले देखेका छौ र यो यसलाई सरकारले विशेष गरेर यसको प्रशोधन केन्द्र स्थापना गर्न सकेर यसको बारेमा राम्रो सँग तालिम दिन नसकेर यि खेतिहरु अहिले चाहि गर्नबाट मान्छेहरु पछि हटिरहेका छन् । त्यस कारणले मलाई लाग्छ यो एलोभेरा जुन खेति हो यो महत्वपूर्ण विषय हो । सबै हर्वल प्रोडक्टमा यसको प्रयोग हुन्छ । जस्तै कुरिलो खेति विभिन्न जडिबुटिका खेति हाम्रो प्रदेशमा हुन सक्छन् । र पहाडको जुन जहा बन्जर भुमि छ त्यसमा पनि हामी जडिबुटिहरुलाई महत्वका साथमा हामीले यसलाई उत्पादन गर्न सक्छौ । यसलाई पनि यसमा सम्बोधन गरिनुपथ्यो यो मलाई छुट्यो जस्तो लाग्छ । कृषि बनजन्य मात्रै भनेको छ यसलाई जडिबुटि समेत हर्वल प्रोडक्टलाई अगाडि बढाउनुपर्छ भन्ने म विशेष ध्यानाकर्षण गर्न चाहान्छु । म यसलाई समावेश गर्न सके राम्रो हुन्थ्यो । र त्यसै गरेर अन्य बुदाहरु एकदम ठिक छन् । यो यसको ठ नं.मा कृषि, पशुपंक्षी, माछा पालन, सिलाई बुनाई, स्थानीय स्रोत जडिबुटि संकलन तथा प्रशोधनमा व्यवसाय, कच्चा पदार्थमा आधारित घरेलु तथा साना लघुउद्योग जस्ता व्यवसायलाई ऋण लगानी गर्ने एकदम राम्रो छ यसमा सिलाई बुनाई सिलाई बुनाई, कटाईको यथावत जुन तालिम छ हामी सँग विगत बर्षौ देखि भैराखेको छ अहिलेको स्कोप भनेको कडाई हो जो सादा साडिहरुमा, सादा कपडाहरुमा बुट्टा भर्ने काम गर्छ यसलाई अंग्रेजीमा ईम्ब्रोडायरी भन्छन यो तालिम अहिलेको लागि एकदम धेरै स्कोप यसको छ त्यस कारणले यसलाई समावेश गर्न सकिन्छ । यसलाई समावेश गर्नुपर्छ भन्ने मलाई लाग्छ । माननीय सभामुख महोदय यो विधेयक अत्यन्तै राम्रो छ र कालान्तरमा यसले यो प्रदेशलाई एकदम सबल बनाउने छ । यसमा हामी विश्वस्त छौ । सरकारले यसलाई एकदम समयमा ल्याएको छ यो विधेयकलाई ठिक ढंगले हिजोका हामीले गरिबी निवारण परियोजन हेर्दा धेरै जस्ता कुराहरु देख्यौ त्यसलाई सहि ढंगले सदुपयोग नगरेको पनि छ । त्यस कारणले यसलाई सहि ढंगबाट संचालन गरियोस भन्ने यो विधेयक एकदम ठिक छ भन्दै यसको स्वागत गर्दै म आफ्नो मन्तव्य यहि राख्न चाहान्छु । धन्यवाद ।

मा० शान्ति नेपाली :- माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जुन प्रदेशकै गरिमालाई सिरोधार्य गरेर एकदम शिर्ष स्थानमा राखेर सुदूरपश्चिम प्रदेशको गरिबी न्यूनीकरणका लागि यहाको विपन्नबर्ग एकदमै पछाडि पारिएको वर्ग, परेको वर्ग जो राज्यले समावेशि सिद्धान्त मार्फत पनि त्यसलाई समावेश गर्न खोजेको छ । उहाहरुलाई सबै भन्दा बढी सहज रुपमा जसले धितो विना यो भन्दा पूर्वका ऋण पाउने प्रक्रिया हेर्दा धितो एकदमै अपरिहार्य बनाईदिएको थियो । ति विपन्नहरुलाई ईच्छा हुदा हुदै पनि आर्थिक रुपमा व्यवसाय संचालन गर्न उद्योग संचालन गर्न, कुनै पेशा व्यवसाय गर्न कृषिमा आत्मनिर्भर हुन एकदमै

.. थियो हाम्रो सुदूरपश्चिम प्रदेश सरकारले जसरी प्रदेशको गरिबीको प्रतिशत हेर्दा एकदमै माथि देखेर त्यो समस्या निराकरणका लागि यो ऐतिहासिक विधेयक ल्याएको छ । यसका लागि म धेरै खुशि भएको छु धन्यवाद व्यक्त गर्न चाहान्छु । प्रदेश सरकारलाई एकदमै त्यो पछाडि पारिएको वर्ग दलित, महिला, एकल महिला, फरक क्षमता भएका, द्वोन्दपिडित भएका र गरिबीको रेखामुनी रहेका अल्पसंख्यक उहाहरुलाई पनि सजिलो तरिकाले यो ऋण उपलब्ध होस र यसको सदुपयोग होस र कार्यान्वयन एकदमै यथाशिघ्र यसै बर्ष यसै आर्थिक बर्ष श्रावणबाटै सुरुवाद हुने गरि प्रदेशको गरिमा बढ्ने गरि यसको कार्यान्वयन होस र यो ऐतिहासिक विधेयक छ भनेका छन् अब्राहङ्कन लिङ्कनले भन्नु भएको छ । सयचोटि नाप एकचोटि काट भन्नु भएको छ । यसै गरि यो स्वरोजगार विधेयकलाई खासगरि समितिमा दफावार छलफल भएको छ र त्यसपछि सदनमा आएको छ । यसलाई कार्यान्वयनमा जो हामीले कार्यविधि, निर्देशिका जे जे हुन त्यो बनाउदा प्रत्यायोजित अधिकार अर्न्तगत यो निर्माण गर्दा अलि असहज अझै बाध्ने काम नहोस खुकुलो हुने गरि व्यक्तिगत, संस्थागत र समुहगत तीन ओटै तरिकाले ऋण पावस अनि गएर त्यसमा तपाईको राष्ट्रबैंकबाट ईजाजत प्राप्त बैंकबाट मात्रै नभएर समुह देखि लिएर सहकारी सम्म देखि लिएर व्यक्ति सम्म सहज रुपमा ऋण पाउने व्यवस्था होस । ऋण लिने मध्येबाट पनि यो प्रदेशबाट सबै भन्दा उत्कृष्ठ काम गर्नेलाई अझ प्रोत्साहन होस यसैबाट पनि भन्ने कामना व्यक्त गर्दै कार्यान्वयनका लागि एकदमै अनुरोध गर्दै प्रदेश सरकारलाई धन्यवाद दिदै विदा हुन्छु धन्यवाद ।

**(बोलि सकेपछि)**

७. **माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

८. **माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुत कर्ता आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा :- माननीय सभामुख महोदय, लोकतन्त्रको गरिमा र गहना भनेकै बहस, छलफलबाट रचनात्मक सुझाव मनन र ग्रहण गर्नु हो । जब हामी गहन र व्यापक छलफल गर्छौ र त्यो छलफल विना कसै स्वार्थ सँग बाझिएको हुदैन । त्यो सर्वव्यापि रुपमा सैद्धान्तिक तवरले सबैलाई सघाउ पुग्छ र जुन किसिमले यस विधेयक माथि लामो समय छलफल भयो । यसको म स्वागत गर्न चाहान्छु । आगामी आउने विधेयकहरुमा पनि कुनै दुविधा रहयो भने प्रदेश सरकार जिम्मेवार भएर गहन छलफल गर्न तयार रहेको र तपाईहरुका अमुल्य सुझाव र रायलाई मार्ग दर्शकको रुपमा लिई कार्यान्वयन गर्न तयार रहेको व्यहोरा माननीय सभामुख मार्फत म निबेदन गर्न चाहान्छु । आज दुईवटा स्कुल अफ थटको कुराहरु अगाडि आईराखेको छ । विश्वव्यापि आर्थिक प्रवाहको गति नीजि क्षेत्रले सम्वाहकको रुपमा अगाडि बढाउने वा सरकारले बढाउने माननीय सभामुख महोदय, नेपालको संविधान २०७२ मा हामीले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरेका छौ । त्यो परिकल्पना गर्दा सार्वजनिक क्षेत्र, नीजि क्षेत्र र सहकारी क्षेत्रलाई हामीले आर्थिक प्रतिविम्बका पिलरको रुपमा हामीले हाम्रो संविधानले व्याख्या गरेको छ हामीले पारित गरेका छौ त्यो संविधानलाई एकातिर अर्को स्कुल अफ थट के छ भने राज्यले व्यवसायिक तवरमा आफुलाई अगाडि सार्ने कि लोककल्याणकारी स्टेटको रुपमा आफुलाई अगाडि सार्ने । आज राजनैतिक व्यवस्थामा समाजवाद, साम्यवाद र पुँजीवादको नीतिगत रुपमा बहस भएको छ । एकदमै कडा प्रतिवन्धित भएको कमन्युष्ट पार्टि चाईनामा खुला अर्थतन्त्रले विश्वको दुई नम्बर

अर्थतन्त्रको रुपम आफुलाई पहिचान कायम गरिसकेको छ । भियतनाम, कम्बोडिया लगायतका अरु कम्युनिष्ट मुलुकहरुमा पनि त्यसै किसिमले अगाडि गैसकेको छ । अर्कोतिर नेपाल सरकारले पन्ध्रौ पन्चबर्षिय योजना तर्जुमा गर्दा सन्तानब्बे खरब रुपैया डबल डिजिट आर्थिक वृद्धिको लागि आवश्यकता पर्छ भन्ने अनुमानको प्रक्षपण गरेको छ । त्यो सम्माननीय प्रधानमन्त्रीज्यू जहा चियर गर्नु हुन्छ र अन्तरपरिषदले पनि त्यसलाई पारित गरिसकेको छ । त्यो सन्तानब्बे खरब रुपैयामा लगभग लगभग ५५ खरबको हाराहारिमा नीजि क्षेत्रबाट आउने सम्भावना गरिएको छ । त्यस्तै हामीले डिसेम्बरमा संघीय सरकारले अन्तराष्ट्रिय लगानी सम्मेलनको आयोजना गरेको थियो ४२ वटा मुलुकले त्यहा भाग लिएका थिए । त्यो ४२ वटा मुलुकमा भाग लिदा खेरि मलाई पनि संघीय सरकारले आमन्त्रण गरेको थियो र म दुई दिन सम्म त्यो कार्यक्रममा म पनि त्यहा गएको थिए । हामी के बुझ्छौ भने सरकारको भुमिका महत्वपूर्ण हुनुपर्छ सरकार लोककल्याणकारी हुनुपर्दछ । नीजि क्षेत्रबाट संकलित राजश्वबाट सरकार चल्दछ यो हामीलाई भोलीभाति नै थाहा छ । सरकारको आफु सँग रुपैया काट्ने मशिन हुदैन । त्यसैले समृद्धिको सम्वाहकको रुपमा अगाडि बढाउनको लागि राज्य त राज्य नै भैहाल्यो राज्य सँग कसैको तुलना गर्न सकिदैन । सबै भन्दा बढी खर्च गर्ने राज्य हो । र नीजि क्षेत्रको भुमिकालाई पनि हामीले प्रमुख रुपमा अगाडि बढाउने र सहकारीलाई पनि साथै साथ सँगै हिडाउने गर्यो भने पक्कै पनि हामी समाजवाद तर्फ जान सक्छौ । जहासम्म यहा उठेका प्रश्नहरुका कुरा छन् मलाई लाग्छ माननीय सांसदज्यूहरुले उठाएका प्रश्नहरु यहा समेटिएका छन् । पछिल्लो अर्थ विकास समितिले त्यो संशोधन मार्फत पनि केहि कुराहरु त्यहा जोडेको छ । आएका रचनात्मक सुझावलाई मैले ग्रहण गरेको छु र सबै आएका सुझावहरु यसमा समाहित भएको व्यहोरा म माननीय सभामुख मार्फत म यो गरिमामय सभामा अनुरोध गर्न चाहान्छु र मैले प्रतिउत्तर यहि अन्त गर्ने अनुमति चाहान्छु । धन्यवाद ।

**(जवाफ दिईसकेपछि)**

९. **माननीय सदस्यहरू,**

अब,म **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १६ (सोह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।
यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।
**(हुन्छ भनेपछि)**
यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।
**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १६ (सोह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

**(हुन्न भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरूको संख्या भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरूको संख्या न्युन देखिएकोले **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १६ (सोह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था बहुमतले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

**(घोषणा भएपछि)**

१०. **माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ३९ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू **“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ३९ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतीले **“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**(हुन्न भन्ने आवाज सुनिए)**

“हुन्छ” भन्ने माननीय सदस्यहरूको संख्या भन्दा “हुन्न” भन्ने माननीय सदस्यहरूको संख्या न्युन देखिएकोले विधेयकको २ देखि ३९ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू बहुमतले **“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**(घोषणा भएपछि)**

११. **माननीय सदस्यहरू,**

अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** पूँजी एवं लगानीका स्रोतको अभाव भएका प्रदेशका बेरोजगार जनशक्तिलाई सिप सिकाई उद्यमशीलताको विकास, उत्पादनमा अभिबृद्धि, रोजगारीका अवसरको सृजना गर्न एवं बिनाधितो सहुलियत दरमा कर्जा प्रवाह गरी स्वदेशमै स्वरोजगार बनाउनर सुदूरपश्चिम प्रदेशमा गरिवी निवारण तथा आर्थिक समानता कायम गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम “सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**(पढेर सुनाएपछि)**

१२. **माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**(हुन्न भन्ने आवाज सुनिए)**

"हुन्छ" भन्ने माननीय सदस्यहरु भन्दा "हुन्न" भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले विधेयकको प्रस्तावना र नाम बहुमतले **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**(घोषणा भएपछि)**

१३. **माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा :- माननीय सभामुख महोदय, वास्तवमा यो विधेयक बहुप्रतिष्ठित विधेयकको रुपमा आम चासोको रुपमा हेरिएको छ । सातैवटा प्रदेशमा यस्तो किसिमको ऐन तर्जुमा र कार्यक्रमको कार्यान्वयन भएको छैन । संघीय सरकारले पनि युवा स्वरोजगारको कार्यक्रम अहिले सम्म नियमावलीबाट मात्र चलाईराखेको छ । प्रदेश सरकारको चाहाना थियो यो हाउसले नै ओनरसिप लिएर अवनत्व लिएर ऐनबाट नै यो कार्यक्रम कार्यान्वयन होस भनेर हामीले यो प्रयत्न गरेका थियौ त्यसैले यो अब छिट्टै कार्यान्वयन गर्नका लागि प्रदेश सरका गम्भिर रहेको व्यहोरा म अनुरोध गर्न चाहान्छु । साथै सुदूरपश्चिम प्रदेश विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ लाई प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**(प्रस्ताव प्रस्तुत भएपछि)**

१४. **माननीय सदस्यहरू,**

अब, म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**(हुन्न भन्ने आवाज सुनिए)**

“हुन्छ” भन्ने माननीय सदस्यहरु भन्दा “हुन्न” भन्ने माननीय सदस्यहरुको संख्या न्युन देखिएकोले **“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** बहुमतले पारित भएको घोषणा गर्दछु ।

**(घोषणा भएपछि)**

१५. **माननीय सदस्यहरू,**

**“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

१६. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल जेष्ठ १४ गते मंगलबार दिनको ३:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।